स्वीकृत मिति:- २०८१।१२।२०

# द्वन्द्वपीडित व्यक्तिहरुको सबलीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावना:** विभिन्न समयमा भएका सशस्त्र सङ्घर्ष र द्वन्द्वमा परी मृत्यु भएका परिवारका सदस्य वा घाइते तथा अपाङ्गता भएका व्यक्तिलाई बिउपूँजी तथा उपकरण प्रदान गरी स्वरोजगार तथा आत्मानिर्भर बनाउदै सबलीकरण गर्ने उद्देश्यले,

प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "द्वन्द्व पीडितका लागि सबलीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले द्वन्द्व पीडित सबलीकरण कार्यक्रम शीर्षकमा बिनियोजित बजेटको रकमसीमामभित्र रही मन्त्रालयले कार्यविधिमा तोकिए बमोजिम योग्य आवेदकलाई आर्थिक तथा सामाजिक सबलीकरणको लागि उपलब्ध गराईएको आर्थिक तथा भौतिक सहयोगलाई सम्झनु पर्छ।

(ख) "आवेदक" भन्नाले द्वन्द्व पीडित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्य भनी स्थानीय तहबाट सिफारिस प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(घ) "मेशिन तथा उपकरण" भन्नाले आवेदकले उद्यमशीलता तथा रोजगारी अभिवृद्धि गर्ने उद्देश्यले आफनो रुची र क्षमता अनुसार स्वरोजगार बन्न आफूले प्राप्त गरेको अनुदानबाट खरिद गरिएको मेशिन तथा उपकरण सम्झनु पर्छ।

(छ) "संस्था" भन्नाले द्वन्द्व पीडित व्यक्ति वा समूहले प्रचलित कानूनबमोजिम दर्ता गरी सञ्चालन गरेको संस्था सम्झनु पर्छ।

३. **प्रस्ताव छनौट तथा अनुदान रकम वितरण समितिको गठन:** (१) द्वन्द्वबाट प्रभावित व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान प्रस्ताव छनौट तथा अनुदान निर्धारण गरी सम्बन्धित् शाखाबाट अनुदान उपलब्ध गराउन र मूल्याङ्कन समितिलाई आवश्यक निर्देशन गर्न देहाय बमोजिमको निर्देशक समिति हुनेछः-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(ग) महाशाखा प्रमुख (कानून), आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) प्रमुख, प्रशासन तथा योजना महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले आवश्यक ठानेका विषयसँग सम्बन्धित बढीमा तीन जना व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समिति, दफा ७ बमोजिमको मूल्याङ्कन समिति तथा उक्त समितिहरुको आमन्त्रित सदस्यहरुलाई प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ बमोजिम बैठक भत्ता तथा खाजा खर्च उपलब्ध गराउन सकिने छ।

४. <u>प्रस्ताव छनौट तथा अनुदान रकम वितरण समितिको काम, कर्तव्य र अधिकारः</u> प्रस्ताव छनौट तथा अनुदान रकम वितरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले सिफारिस गरेको प्रस्ताव वर्गीकरण गरी बजेट उपलब्धता र कार्यक्रमको औचित्यताको आधारमा अनुदान रकम बाँडफाँड गरी अनुदान प्राप्त गर्ने व्यक्ति वा संस्थाको सूची तयार गरी अनुदान वितरणको लागि मन्त्रालयको सम्बन्धित् शाखालाई निर्देशन गर्ने,

(ख) सम्झौता भएका व्यक्ति वा संस्थाहरुले सम्झौता अनुसार कार्य सम्पादन भए नभएको विषयमा आवश्यकताअनुसार अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ग) मूल्याङ्कन समितिलाई आवश्यक निर्देशन तथा समन्वय गर्ने।

५. <u>सूचना आह्वानः</u> (१) उद्यमशीलता प्रवर्द्धन गरी स्वरोजगार हुन चाहने आवेदकलाई मन्त्रालयले पन्ध्र दिनको अवधि राखी प्रस्ताव पेस गर्न राष्ट्रिय दैनिक पत्रिका र मन्त्रालयको वेबसाइटमा सूचना आह्वान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र दफा ६ बमोजिमका प्रमाण खुल्ने कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा आवेदकले प्रस्ताव पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएका आवेदनउपर दफा ७ बमोजिमको समितिले पन्ध्र दिनभित्र प्रस्ताव छनोट गरी स्वीकृतका लागि प्रस्ताव छनौट तथा अनुदान वितरण समिति समक्ष पेस गर्नु पर्नेछ।

(४) प्रस्ताव छनौट तथा अनुदान वितरण समितिबाट छनोट भई स्वीकृत भएका आवेदकको सूची मन्त्रालयको वेबसाइटबाट सार्वजनिक गरिनेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

६. **आवेदक संस्था छनोटको आधारः** (१) द्वन्द्व प्रभावित व्यक्ति वा संस्थाबाट सञ्चालन गरिने व्यवसाय तथा संस्था छनोटको अंकभार देहाय बमोजिमको हुनेछः-

(क) स्वरोजगार हुने र आत्मनिर्भर हुने प्रस्ताव भएमा -२०

(ख) सम्बन्धित विषयको व्यावसायिक अनुभव हासिल गरेको वा उक्त व्यवसाय गर्न सीप सिकेको प्रमाण पेस भएमा -१५

(ग) व्यवसाय सञ्चालन गर्न आवश्यक न्यूनतम पूर्वाधार -१५

(घ) द्वन्द्वमा माता वा पिता गुमाएको भएमा -१०

(ङ) द्वन्द्वमा श्रीमान वा श्रीमती गुमाएको भएमा -१०

(च) द्वन्द्वमा परिवारका अन्य सदस्य गुमाएको भएमा -१०

(छ) द्वन्द्व प्रभावित व्यक्ति महिला वा अपाङ्गता भएमा -१०

(च) द्वन्द्व प्रभावित व्यक्ति यौनहिंसा पीडित महिला भएमा -१०

७. **मूल्याङ्कन समितिको गठनः** (१) प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गरी योग्य प्रस्तावको सिफारिस गर्न देहाय बमोजिमको समिति गठन गरिनेछः:-

(क) शान्ति सुरक्षा महाशाखा प्रमुख -संयोजक

(ख) कानून अधिकृत -सदस्य

(ग) आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत प्रतिनिधि -सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) प्रदेशस्तरमा द्वन्द्व पीडितको क्षेत्रमा काम गर्ने संस्थाको प्रतिनिधि -सदस्य

(च) शान्ति सुरक्षा तथा स्थानीय प्रशासन समन्वय शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले दफा ५ बमोजिम प्राप्त रीत पुगेका आवेदकहरुको सूची तयार गर्नेछ।

(३) समितिले उपदफा (२) बमोजिमको सूची स्वीकृतार्थ प्रस्ताव छनोट तथा अनुदान रकम वितरण समिति समक्ष पेश गर्नेछ।

८. **अनुदान रकमको सीमाः** छनोट भएका व्यक्ति वा संस्थालाई कार्यक्रम सञ्चालन गर्न बढिमा एक लाख रुपैयाँसम्म अनुदान उपलव्ध गराउन सकिनेछ।

९. **सम्झौता गर्नेः** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न छनौट भएका व्यक्ति वा संस्थालाई कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गर्न दश दिनभित्र मन्त्रालयमा सम्पर्क गर्न टेलिफोन माध्यम, संचारका अन्य साधन तथा मन्त्रालयको वेभसाईट मार्फत जानकारी गराउनु पर्नेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(२) मन्त्रालयको सम्बन्धित शाखाले मन्त्रालय र अनुदान प्राप्त गर्ने संस्थासँग कार्यक्रम कार्यान्वयन तथा अनुदान प्रदान गर्ने सम्बन्धमा अनुसुची-२ को ढाँचामा सम्झौता गर्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र सम्झौता गर्न नआएका ब्यक्ति तथा संस्थाहरुलाई मन्त्रालयले अनुदान उपलब्ध गराउन बाध्य हुने छैन।

१०. <u>अनुदान रकमको निकासा</u>: (१) कार्यसम्पन्न प्रतिवेदन, कार्यक्रम सञ्चालनमा आएको प्रमाण खुल्ने तस्विर, स्थानीय तहको सिफारिस सहित बिल विजक प्राप्त भए पश्चात मन्त्रालयले आवेदकको बैंक खातामा रकम निकासा गर्नेछ।

११. <u>अनुदान रकम वितरणमा प्राथमिकता निर्धारण</u>: आ.व. २०८०।८१ मा यस मन्त्रालय र प्रदेश सरकार मातहतको कार्यालयबाट द्वन्द्व पीडित व्यक्तिहरुको सबलीकरण कार्यक्रम अन्तरगत अनुदान प्राप्त नगरेको ब्यक्तिलाई पहिलो र अनुदान प्राप्त गरेको व्यक्तिलाई दोस्रो प्राथमिकता क्रम निर्धारण गरिनेछ। मन्त्रालयले विनियोजित बजेटको सीमाभित्र रही पहिलो प्राथमिकताक्रमका व्यक्तिहरुलाई अनुदान उपलब्ध गराएपछि उपलब्ध स्रोतको आधारमा दोस्रो प्राथमिकताक्रमका व्यक्तिलाई अनुदान रकम वितरण गर्न सक्नेछ।

१२. <u>अनुगमन</u>: (१) यस कार्यविधि अनुसार प्रदान गरिएको अनुदान रकमको सदुपयोग भए नभएको सम्बन्धमा दफा ३ बमोजिमको समितिले अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा माग गरेको विवरण स्वरोजगार उद्यमी र संस्था/व्यवसायीले उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा अनुदान रकमको सदुपयोग नभएको पाइएमा मन्त्रालयले सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

१३. <u>स्वघोषणा गर्नुपर्ने</u>: यस कार्यविधिबमोजिम अनुदान प्राप्त गर्न चाहने आवेदकहरुले आर्थिक रुपमा पछाडी परेको र न्यून आय भएको कारण जीविकोपार्जन गर्न कठिनाइ भएको व्यहोरा खोली स्वघोषणा गर्नु पर्नेछ।

१४. <u>बाधा अड्काउ फुकाउने</u>: यस कार्यविधि कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१५. संशोधनः मन्त्रालयले थप आर्थिक दायित्व पर्ने विषय क्षेत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई यो कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

## अनुसूची- १

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

### अनुदान लिन चाहने व्यक्तिले दिने निवेदनको ढाँचा

यस मन्त्रालयबाट ......... कार्यक्रम अन्तर्गत स्वरोजगार हुनका लागि मिति .... को पत्रिकामा भएको सूचना वमोजिम ...........कार्यको लागि अनुदान लिन ईच्छुक भएकोले माग भएको देहाय बमोजिमको विवरण तथा संलग्न प्रस्ताव सहित यो निवेदन पेस गरेको छु।

नामः

ठेगानाः

द्वन्द पीडितको प्रकार र प्रमाण कागजातः

अनुदान लिन चाहेको क्षेत्र/कार्यः

अनुदान लिन चाहेको स्वोरोजगार कार्यक्रमको संक्षिप्त विवरणः

चालु आ.व.मा यसै प्रकृतिको अनुदान नलिएको स्वघोषणाः

चालु आ.व.मा यसै प्रकृतिको अनुदान लिएको भए सोको विवरणः

निवेदनसँग सलग्न गर्नु पर्ने कागजातहरु

(क) संस्था/फर्म दर्ताको प्रमाणपत्र,

(ख) कर दर्ता प्रमाणपत्र,

(ग) संस्थाको हकमा कर चुक्ता प्रमाण,

(घ) उपकरण खरिद गर्न लाग्ने लागत अनुमान,

(ङ) सम्बन्धित पालिकाको सिफारिस।

(च) सिप सिकेको प्रमाणपत्र

(छ) सम्पर्क न. :

छाप/हस्ताक्षर र मितिः ..............................

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

# अनुसूची- २

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**द्वन्दपीडित व्यक्तिहरुको सबलीकरण कार्यक्रम सम्बन्धी सम्झौता-पत्र**

आ.व. २०८१।०८२ को वार्षिक स्वीकृत खर्च शिर्षक २२५२९ मा रहेको "द्वन्दपीडित व्यक्तिहरुको सबलीकरण" कार्यक्रम कार्यान्वयनको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश (यसपछि पहिलो पक्ष भनिएको) र उक्त कार्यक्रमको लाभग्राहीको रुपमा छनोट भएको/ भएका श्री.............................................................................(यस पछि दोश्रो पक्ष भनिएको) बीच तपसिल बमोजिमका शर्त पालना गर्ने गरी कार्यक्रम सञ्चालनका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं।

**क. कार्यक्रमको शिर्षकः**

| | |
|---|---|
| कार्यक्रमको कुल लागत रु. | |
| मन्त्रालयवाट प्रवाह हुने रकम | |

ख. पालना गर्नुपर्ने शर्तहरुः

१. यो सम्झौता पत्रमा हस्ताक्षर भएको मितिदेखि तीस दिनभित्र दोस्रो पक्षले आफूले गर्न चाहेको कार्यक्रम सम्पन्न गर्नु पर्नेछ।

२. दोश्रो पक्षले मेशिन उपकरण/ सामान खरिद गरी तोकिएको कागजात, तस्विर सहितको विल भर्पाईको प्रतिवेदन बुझाएपछि पहिलो पक्षले सम्बन्धित व्यक्ति वा तोकिएको व्यक्ति संलग्न संस्थाको बैंक खातामा एकमुष्ट रकम भुक्तानी गर्ने छ।

३. दोस्रो पक्षले खरिद गरेको मेशिन उपकरणको बिल भपाईमा उल्लेखित रकम पहिलो पक्षले तोकेको रकम भन्दा कम रहेछ भने सोही रकमलाई आधार मानी पहिलो पक्षले भुक्तानी दिनेछ।

४. दोश्रो पक्षले मेशिन उपकरण/सामान खरिद गर्दा सम्झौतामा उल्लेखित रकम भन्दा बढी हुन गएमा सम्झौतामा तोके भन्दा बढी रकम दोश्रो पक्षलाई भुक्तानी दिन पहिलो पक्ष बाध्य हुने छैन।

५. खरिद कार्य अथवा यस सम्बन्धी कुनै विवाद आएमा पहिलो पक्षको निर्णय नै अन्तिम मानिने छ।

६. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

७. दोश्रो पक्षले खरिद गरेको मेशिन उपकरण/सामानको तस्विर सहितको विल भर्पाई सम्बन्धित वडाबाट प्रमाणिकरण नगराएमा भुक्तानी दिन पहिलो पक्ष बाध्य हुने छैन।

८. कार्यक्रम सञ्चालनको दौरानमा कुनै हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।यस सम्झौतामा उल्लेख भएका विषय यसै अनुसार र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

**दोश्रो पक्षको तर्फबाटः**

हस्ताक्षरः

नामः

पदः

साझेदार संस्थाः

ठेगानाः

छापः

**रोहवर/साक्षी**

हस्ताक्षरः

नामः

ठेगानाः

ना.प्र.नं.:

**प्रथम पक्षको तर्फबाटः**

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

ठेगानाः हेटौडा, नेपाल

छापः

**रोहवर/साक्षी**

हस्ताक्षरः

नामः

पदः

कार्यालयः हेटौडा, नेपाल

इति सम्वत् २०८.. साल ......... महिना ...........गते रोज.......... शुभम्.................................।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री